# चौदण्डीगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेल्टार, उदयपुर
१. नं. प्रदेश

प.सं.: ०७८/०७९
च.नं.: मिति: २०७९।०८।०२

श्री प्रमुख प्रशासकीय अधिकृत
चौदण्डीगढी नगरपालिकाको कार्यालय,
बेल्टार उदयपुर ।

विषय :- **आन्तरिक लेखा परिक्षण प्रतिवेदन पेश गरीएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८।०७९ को तपसिल अनुसारको २०७८ श्रावण महिना देखि २०७९ असार मसान्त सम्मको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७७ को दफा ३ घ, स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७७ (२) बमोजिम प्रतिवेदन पेश गरिएको छ । उक्त प्रतिवेदनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७७ (२) तथा अन्य प्रचलित कानुन बमोजिम औल्याएका कैफियत अन्तिम लेखा परिक्षण हुनु अगावै सम्म परीक्षण गराउनहुन अनुरोध छ ।

**तपसिल:**

लेखा परीक्षण गरिएका विषयहरु :-

- नगरपालिका चालु शिर्षक, पूँजीगत शिर्षक,
- संघीय सरकारबाट प्राप्त अनुदान चालु, पूँजीगत,
- संघीय सरकारबाट प्राप्त विशेष अनुदान,
- संचित कोष खाता
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु,
- धरौटी कोषखाता,
- गतआ.व. मौज्दात चालु, शिर्षक, पूँजीगत शिर्षक,

........................
दुर्गा प्रसाद आचार्य
आन्तरिक लेखा परिक्षक

**बोधार्थ :**

श्री महालेखा परिक्षकको कार्यालय, ववरमहल काठमाडौं,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गाईघाट, उदयपुर

# चौदण्डीगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेल्टार उदयपुर

१ नं प्रदेश, नेपाल

**आन्तरिक लेखा परीक्षण इकाई**

---

आ.व. २०७८।०७९ को आन्तरिक लेखा परिक्षण प्रतिवेदन

1. कार्यालयको नाम :- चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बेल्टार उदयपुर
2. कार्यालयको उद्देश्य :-
   - स्थानीय सरकार सञ्चालन
   - स्थानीय विकास
3. प्रमुख क्रियाकलाप :-
   - नगरपालिका विकासका लागि वार्षिक आवधिक तथा विषयगत योजनातर्जुमा
   - स्थानीय सरकार सञ्चालनको लागि आवश्यक कानुन मापदण्डको निर्माण
   - नगरसभाबाट पारित वार्षिक कार्यक्रम सञ्चालन/कार्यान्वयन
   - स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने
   - संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट हस्तान्तरीत आयोजना/कार्यक्रम सञ्चालन गर्ने,
4. कार्यालय प्रमुखको नाम : श्री ध्रुवराज आचार्य
5. आर्थिक प्रशासन शाखा प्रमुखको नाम :- लेखापाल श्री अम्बर बहादुर मगर
   सह-लेखापाल श्री बालकृष्ण आचार्य
6. कारोबारको संक्षिप्त विवरण
7. परीक्षण गरिएको मिति२०७८।०५।०३ देखि २०७९।०८।०२ सम्म
8. परीक्षण गरिएका श्रेस्ताहरु
   - गोश्वारा भौचर तथा संलग्न कागजातहरु
   - बैंक नगदीकिताब
   - खर्चको फाँटबारीहरु

- सहायक खाताहरु
- खरिद निर्णय सम्बन्धी फायलहरु
- भुक्तानि आदेश
- नगदि रसिद
- बैंक विवरण

9. सम्बन्धित ऐन नियम निर्देशिका र कार्यविधि

क) संघीय कानुन

- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- आर्थिक ऐन २०७६
- आयकर ऐन २०५८ र नियमावली
- भ्रमर्ण खर्च नियमावली
- आर्थिक संकेत वर्गिकरण र व्याख्या
- नेपाल सरकारको लेखानिर्देशिका २०७३
- कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६/०७७ शिक्षा मन्त्रालय
- स्थानीय तहका स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन २०७६ (स्वास्थ्य मन्त्रालय)

ख) प्रादेशिक कानुन

- प्रदेश सरकारको आर्थिक ऐन २०७६
- चौदण्डीगढी नगरपालिकाको आर्थिक ऐन २०७६

10. लेखा परीक्षणबाट देखिएको व्यहोरा

## १. आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीयतहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐननियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्बन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको

देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालनान गर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अबलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

- जटिल प्रकृतीका निमार्णकार्य उपभोक्ता समितिबाट गराएको जस्तै

| क.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | माटिखाडी होमपाइप निर्माण उ.स. | १८,१०,०००।– |
| २ | सुन्दरी खोला ट्रस विरिज फलामे पुल निर्माण | १५,००,००० ।– |
| ३ | सगरमाथा मा.वि. भोर्लेनी | ३६,००,०००।- |
| ४ | शारदा मा.वि. कटहरे | ३६,००,०००।- |
| ५ | जयकला आ.वि. कालिटार | १८,००,०००।- |

- सम्पन्न आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तानान्तरण गर्ने नगरेको,
- इन्धन खर्चको लगबुक राख्ने नगरेको एवं खर्चमा मितव्ययीता समेत नदेखिएको,
- नगरपालिक अन्तगर्तका वडाहरुले आफनो चाल खर्च स्वीकृत बजेट सभाबाट पारित गरी वडागत रुपमा चाल खर्च गर्ने गरेको तथा खरिद गरेका जिन्सी सामानहरु न.पा. को जिन्सी खातामा आम्दानी बाँधी एकिकृत खरिद प्रणाली कायम गर्नंपर्नेमा वडाको जिन्सी खातामा आम्दानी गर्ने गरेको,
- सवारी साधन मर्मत गर्दा प्राविधिकको सिफारिसको आधारमा मर्मत आदेश लिई मर्मत गराउनु पर्नेमा सवारी चालकलाई सिधै कार्यादेश दिई मर्मत गराउने गरेको,
- म.ले.प. फा.न.९०७ बमोजिम भ्रमण अभिलख खाता अद्यावधिक गर्ने नगरेको,
- सार्वजनिकखरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० लाख सम्म लागत अनुमा नभएको मालसमान सिलबन्दी दरभाउ पत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार प्रतिस्पर्धात्मक तवरबाट खरीद कार्य गर्न सकिनेमा नमुना छनौट गर्दा कार्यालयले खरिद विधिबाट मालसामान खरीद गरेको पाइएकोले त्यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ बमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।

- कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेख्ने गरेको पाइयो ।
- जिन्सी निरिक्षण नभएको ।
- हलुका सवारी साधन मर्मत संम्मार वापत मर्मत आदेश म.ल.प.फा.न. ४१४ स्वीकृत बिना नियमित भुक्तानी भएको ।
- वडागत रुपमा नगत प्राप्त रकम सोही दिन वा भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेमा उक्त नभई २/३ महिना पछि बैंक दाखिला गर्ने गरेको ।
- सरकारी कामको लागि घर,जग्गा,गोदाम भाडा वा वहालमा लिइ भुक्तानी दिएकोमा भाडा निर्धारण समितिले निणर्य नगरेको ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालिलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

**२.अवण्डा :**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । सो विपरीक्त नगरपालिकाले विपद व्यवस्थापन, भैपरी मर्मत तथा संभार रु.१,१९,९१,७००।- अवण्डा राखी नगर कार्यापालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गरी नगरसभामा पछी अनमोदन गर्ने गरेको देखिन्छ । नगर सभाबाट कार्यक्रम पर्व स्वीकृत नगराई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

**३.**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्तावापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यलयवाट अनुमतीप्राप्त गरी सञ्चालन रहेको र कुनै पनि दरबन्दी तथा राहतअनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका विद्यालयले गत विगत देखि नै आन्तरिक स्रोतबाट तलब भत्ता भुक्तानी गरेकाले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

**४.खरिदमा प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन २०६४ को दफा ८५(१ख)उपनियम १ र १क मा जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियममा उल्लिखित सीमा भन्दा बढी रकमको एउटै व्यत्ति, फर्म, कम्पनी वा सस्थाबाट सोभै वा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नमिल्ने साथै

नियम ८४ मा रु. ५ लाख देखि २० लाख सम्म लागत अनुमान भएको माल सामान सिलबन्दी दरभाउ पत्रद्धारा खरीद गर्नुपर्ने व्यवस्था छ ।

**५. योजना छनौट :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनितिगत विषयको योजना बनाउँदा मध्यकालिन तथा दिर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गनुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास कार्य गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले सानो प्रकृतिका रु.५,००,०००।- भन्दा घटीका आयोजना अध्ययन अनुसन्धान र प्रभाव मूल्यांकन बेगर छनौट तथा कार्यान्वयन गरेको देखियो । साना साना योजना वडाबाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालिन तथा दीर्घकालिन योजना बनाई मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

**६. कन्टिन्जेन्सी खर्च :** सावैजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसुची १ अनुसार कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च आयोजना तर्जुमा, सुपरिपेक्षण, अनुगमन, मुल्याङकन, जाचपास तथा प्रतिवेदन तथा आयोजना व्यवस्थापनका लागि चाहिने अति आवश्यक प्राविधिक उपकरणहरु, गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना, योजना संग सम्बन्धित समाजिक परिचालन जस्ता कार्यका लागि मात्र खर्च गर्नुपर्ने तथा एकमुसट रुपमा लागत अनुमान तयार गर्दा छुटै कन्टिन्जेन्सी रकम छुटयानु पर्ने तथा प्रचलित ऐन नियम तथा कार्यविधिमा तोकिएको सिमा भन्दा बढी खर्च गर्न नहुने र कन्टिन्जेन्सी खर्च सम्बन्धि मापदण्ड तयार गरि परिपालना गर्नु पर्नेमा उक्त कार्य नभएकाले उक्त व्यवसथा मिलाउनु पर्दछ ।

**७. सवारी साधन मर्मत तथा संभार :** चौदण्डीगढी नगरपालिकाको आन्तरीक नियन्त्रण प्रणाली निर्देशिका २०७८ को परिच्छेद ५ को १२ (६) मा बिसष परिस्थितिमा बाहेक वर्षमा दुई पटक भन्दा बढी मर्मत संभार हुनेहैन र एकपटकमा चार पाङ्ग्रे गाडीको बढीमा रु.१,५०,०००।- (सर्भिसिङ्ग समेत) भन्दा बढीमर्मत संभार खर्च उपलव्ध गराइने छैन । साथै विशेष परिस्थितिमा बाहेक मर्मत संभार गरिसकेपछि कम्तीमा छ महिना पुरा नभई कार्यालयको तर्फाबाट मर्मत खर्च उपलव्ध गराइने छैन भनि उल्लेख भएतापनि सोको कार्यान्वयन नभएकाले कार्यालयले त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**८. वितरणमुखी कार्यक्रम :**

स्यानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुगग्ने उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्ने सकिने स्थानीय वासिन्दाहरुको सहभागिता जुटने स्वयं सेवा परिचालन गर्न सकिने, कम

लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन  तथा सीपको अधिकतम प्रयोग हुने, महिला,बालबालिका, पिछडिएका वर्ग,क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ,लैगिकसमानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातारण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिकतथा साँकृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने विषयलाई  प्राथमिकता दिई योजना तर्जुमा गनुपर्ने उल्लेख छ । तर नगरपालिकाले विभिन्न खेलकुद प्रतियोगीता, विभिन्न वडाहरुमा वडा स्तरीय खेलकुद प्रतियोगिता जस्ता कार्यक्रमहरु आयोजना गरी खर्च गरेको देखिएकोमा सो खर्च ऐनले तोकेको शर्त भन्दा बाहिर योजना बनाइ खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्तबमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिदै कार्यान्वयन गर्ने तर्फ नगरपालिकाको ध्यान पुग्नु पर्ने देखिन्छ ।

| विवरण | खर्च रकम |
|---|---|
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | ६,२४,८५०।- |
| युवा तथा खेलकुद कार्यक्रम | ८८,७८,३४१।- |

**९.  टुक्रे खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ र नियमावाली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको निर्माण कार्य वा खरिदमा शिलवन्दी दरभाउपत्र माग गरी खरिद गर्नु पर्ने । एकै प्रकारको समान पटक पटक निर्माण तथा खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने खरिदको प्याकेज बनाई प्रतिष्पधि मुल्यमा खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष शिलवन्दी दरभाउपत्र माग नगरी एकै प्रकारका समान पटक पटक निम्न कार्य गरी भुक्तानी गरेको देखिएकोले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखन्छि ।

| भौ.न.र मिति | विवरण | फर्मको नाम | खरिद रकम | कैफियत |
|---|---|---|---|---|
| २८९ | विद्युत विस्तार | सोहन कन्स्ट्रक्सन | ४,८३,४७०।- | कोटेशनवाट खरिद |
| २९६ | विद्युत विस्तार | बेल्टारे निर्माण सेवा | ४,३४,१२९।- | कोटेशनवाट खरिद |
| ३१५ | सडक बतिजडान | नारायण निर्माण सेवा | ४,२९,५५९।- | कोटेशनवाट खरिद |
| ३८८ | विद्युत बती परिवर्तन | लिम्माछित निर्माण सेवा | ४९,९९३।- | सोझै खरिद |
| जम्मा | | | १३,९७,१९१।- | |

## १०.वित्तिय समानिकारण चालु

| सि.न. | गो.भौ.न. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएको मुख्यव्यहोरा | नियमित | असुलगर्ने ( रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| 1. | १२ | ६।१४ | अनुगमन भक्ता प्र.प्र.अ. ध्रुवराज आचार्यको बुझिलिएको भपाइ प्रमाण पेश नभएकाले सम्बन्धित बुझाउने व्यक्तिबाट रु. ८५०।- असुल उपर गर्नुपर्ने देखिन्छ। | | ८५० | |
| 2. | १६ | ६।१४ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याइ संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर कोटेशनको सूचना, करचुक्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र,कम्पनी दर्ता प्रमाण पत्र, कार्यादेश, Comparative chat साथै खेल सामग्री विवरणको भपाई पेश गरी रकम रु.४,८२,०००।- नियमित गनुपर्ने। | ४,८२,००० | | |
| 3. | ३८ | ६।१६ | गेलाल सप्लायर्स कोटेशनमा पेश गरेको रेट Hdpe pipe ७५mm dia ६np रु.२८० र Hdpe pipe ५०mm dia ६np को २८५ पेश भएको तर विलमा उक्त सामानको क्रमश रु. २९० र २९० भएकाले बढी रकम रु.४,४३४ असुल गनुपर्ने। | | ४,४३४ | |
| 4. | ४९ | ६।१६ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टाई ्संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ तर श्रृजना एग्रोभेटबाट ५३ थान सिल्पोलिन टनेल वितरणको भपाई समावेश गरि रकम रु. ३,९९,५०० नियमित गर्नुपर्ने। | ३,९९,५०० | | |
| 5. | ५१ | ६।१७ | आर्थिक कार्यविधि तथा वित्तिय | ४,८७,५०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टाई ्संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ तर Power Tiller २०H.P.Model:DF २०=५Set वितरणको भपाई समावेश गरि रकम रु ४,८७,५०० नियमित गर्नुपर्ने । | | | |
| 6. | ३०६ | ८।१४ | चौदण्डीगढी नगरपालिकाको आन्तरीक नियन्त्रण प्रणाली निर्देशिका २०७८ को परिच्छेद ५ को १२ (६) मा बिशेष परिस्थितिमा बाहेक वर्षमा दुई पटक भन्दा बढी मर्मत संभार हुनेहैन र एकपटकमा चार पाङ्ग्रे गाडीको बढीमा रु.१,५०,०००।- (सभिसिङ्ग समेत) भन्दा बढीमर्मत संभार खर्च उपलव्ध गराइने छैन । साथै विशेष परिस्थितिमा बाहेक मर्मत संभार गरिसकेपछि कम्तीमा छ महिना पुरा नभई कार्यालयको तर्फबाट मर्मत खर्च उपलव्ध गराइने छैन भनि उल्लेख भएतापनि रकम रु.१,७९,८२१।- भुक्तानी भएको साथै गाडी मर्मतको लागि पठाएको पत्रमा चलानी नम्बर नभएकाले नियमित मान सकिएन । | | | |
| 7. | ५७६ | ११।५ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर १३३३ पाकेट तरकारीको विऊ वितरणको भरपाई समावेश गरि रकम रु.३,९९,९००।- नियमित गर्नुपर्ने र ५३५७ के.जी. चैते धान हर्दिनाथ वितरणको भर्पाइ समावेश गरि रकम रु.३,७४,९९०।- नियमित गर्नुपर्ने । | ३,७४,९९० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 8. | ८०२ | १२।९ | रियासा इन्टरप्राजेको खर्च बिल रकम रु. ३५,१२६.५।- भएको तर भुक्तानी रु.४४,०३८ भएकाले बढी रकम रु. ८,९११.५०।- सम्बन्धितबाट असुल हुनुपर्ने । | | ८,९११ | |
| 9. | ८४५ | १२।१३ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर बजेटको वर्गिकरण र व्यखया २०७४ को सकेत नम्बर २२३१९ खर्च शिर्षकबाट आलुको विऊ ढुवानी वापत रु.१,३२,२१०।- खर्च लेखिएको साथै मुचुलकाको आधारमा पिडित छतिपुर्ति पाउने लाभग्राहीले १६ बोरा आलु बराबरको रकम रु.४८,०००।- पाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनु पर्ने । | ४८,००० | | |
| 10. | १०१४ | ०१।१३ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर रकम रु.२,४९,९८०।- को प्लास्टीक टनेल वितरण वा मौज्जातको प्रमाण पेश गरी नियमित गर्नुपर्ने । | २,४९,९८० | | |
| 11. | १२४७ | ०३।१७ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर रकम रु.६,९७,१८३ को धानको विऊ वितरणको पेश गरी नियमित गर्ने । | ६,९७,१८३ | | |
| 12. | १२४९ | ०३।१७ | आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व | १,९४,३६१ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर लोटस सिड कम्पनी प्रा.लि. (IN COM TAX NON_FILER) रु.१,९४,३६१।- आय वितरणको भपाई पेश गरी नियमित गर्ने । | | | |

## ११.वित्तिय समानिकारण पुंजीगत

| सि.न. | गो.भौ.न. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएको मुख्यव्यहोरा | नियमित | असुलगर्ने (रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ४९ | ६।१४ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर १० पिस २ HP मोटर र २० पिस १.५ HP मोटर वितरणको भपाई संग्लन गरी रकम रु. ४,९६,४०९ नियमित गर्नुपर्ने | ४,९६,४०९ | | |
| २ | १७९ | ८।१४ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर विभिन्न फर्मको स्थायी लेखा नम्बर, पान नम्बर,व्यवसय दर्ता प्रमाण पत्र जस्ता कागजातहरु संग्लन नभएकाले उक्त कागजात संग्लन गरि रकम रु. २,९१,०००।- नियमित गर्नुपर्ने । | २,९१,००० | | |
| ३ | ५५३ | १।१३ | आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली | ३,९९,९९५ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर इशान ट्रडर्सबाट रकम रु. ३,९९,९९५।- को सिंचाइ मोटर वितरण गरेको या मोज्जात रहेको प्रमाण पेश गरि नियमित गर्नुपर्ने । | | | |

**१२ सर्शत चालु**

| सि.न. | गो.भौ.न. | मिति | आन्तरिक लेखा परिक्षण गर्दा देखिएको मुख्यव्यहोरा | नियमित | असुलगर्ने (रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | २१४ | १२।११ | आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम ३७अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर मान्यामस इन्टरप्राइजेजबाट खरिद गरिएको सामग्रीको वितरणको प्रमाण पेश गर्नुपर्ने रकम रु.९९,८५८।- नियमित गर्नुपर्ने । | ९९,८५८ | | |

**१३.मु.अ. करमा नन फाइलर :**

मूलय अभिबृद्धि कर ऐन २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गनुपर्ने व्यवस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मुल्य अभिबृद्धि कर तथा कर विवरण दाखिला गरी करदाता Active रहनुपर्नेमा IRD portal गइ AN Search गर्दा करदाता देहाय बमोजिम नन फाइलर देखिएको छ । नन फाइलर करदातालाई मुल्य अभिबृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुँदा मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गौ.भौ.न./मिति | आपूर्त | पान नं. | कर विजक नं./मिति | मु.अ.कर |
|---|---|---|---|---|
| ३२५/२०७८।११।०७ | चौदण्डी साकेला कन्स्ट्रक्सन प्रा.लि. | ६०६८११०१९ | ०११-२०७८।१०।१७ | १,१७,२६७ ।- |
| १९३/२०७९।०३।०७ | आर्यन ट्रेड सेन्टर | ६१७३५५४७४ | १७-२०७९।२।१८ | १८८५० |
| ३९२/२०७९।०३।२१ | दिप्ती कन्स्ट्रक्सन | ६०९५८४५४३ | ००१-२०७९।३।२१ | १२४४७२ |
| जम्मा | | | | २,६०,५८९।- |

## १४. नगद दाखिला :

आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मा आएको सरकारी नगदेको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैंक दाखिला गरी श्रेष्ता खडा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही दफामा दश दिनसम्म ढिलो गरेको भए १० प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेमा २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न सकने व्यवस्था छ । पालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला नभई बाँकी देखिएकोले ऐनाको सो व्यवस्था बमोजिम दाखिला गर्नुपर्ने रु.

| जिम्मेवार व्यक्ति नाम | जम्मा संकलित राजश्व रु. | बैंक भौचरमा जम्मा रकम रु. | अपुग रकम रु |
|---|---|---|---|
| मदन श्रेष्ठ | ३०,७६०।- | ३०,०००।- | ७६०।- |
| भिम प्रसाद दाहाल | २,९०,०३०।- | २,७३,८००।- | २१,२३०।- |
| खगेन्द्र चौलागाई | १,५५,५०० ।- | ५७,०००।- | ९८,५००।- |
| निरन्जन चौधरी | रसिद नं.६०९८ ६१० | | ९५०।- |
| जम्मा | | | १,२१,३५० ।- |

## १५.पेश्की बाँकी :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० (३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्य सम्मा फछ्र्यौट हुन नसक्ने पेश्की दिनहुँदैन भन्ने व्यवस्था छ । पालिकाको निम्नानुसार चालु आर्थिक वर्षको अन्त सम्ममा फछ्र्यौट हुन नसक्ने मोविलाइजेशन पेश्की बाँकी देखिएकोमा नियमावलीले तोकेको भित्र मोविलाइजेशन पेश्की फछ्र्यौट गर्नुपर्ने र मोविलाइजेशन पेश्की बाहेक अन्य पेश्कीको हकमा वर्षको अन्त सम्ममा फछ्र्यौट हुन नसक्ने पेश्की दिएको देखिएको रु.

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|
| | | | | म्याद नाघेको |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १ | २०७९/०३/१३ | वडा न. ५ मा कोल्ड स्टोर निर्माण | चन्द्र सुर्य कन्स्ट्रक्सन | १,१५,०००.०० |
| २ | २०७९/०३/०६ | आमसाल हात्तीसार ,चौदण्डीगढी नगरपालिका (झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रम) | आमसाल हात्तिसार झोलुङ्गेपुल निर्माण उ.स. | ५,००,०००.०० |
| ३ | २०७९/०३/०६ | समपुरक कोष | आमसाल हात्तिसार झोलुङ्गेपुल निर्माण उ.स. | ५,००,०००.०० |
| ८२ | २०७९/०३/०६ | पोषण कार्यक्रम | प्रमिला शाही | २,९९,७००.०० |
| ८३ | २०७९/०३/२३ | ब्याक्तिगत घटना दर्ता किताब डिजिटाइजेशनका लागि परामर्श सेवा | रोशन राज खतिवडा | २,०१,२५०.०० |
| **कुल जम्मा** | | | | **१६,१५,९५०.००** |

दुर्गा प्रसाद आचार्य
(आ.ले.प.पाँचौं)